# स्थानीय राजपत्र


**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड ४) घ्याङलेख, पुस २७ गते, २०७७ साल (अतिरिक्ताङ्क ०५


## भाग १

## घ्याङलेख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### हायुटार, सिन्धुलीको

### सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७७ साल नीति नं. ०१**

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७

## विषय सूची

### खण्ड १

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति**


१.१ परिचय

१.२ दिर्घकालीन सोच

१.३ लक्ष्य

१.४ उद्देश्य

१.५ रणनीति

१.६ कार्यनीति


### खण्ड २

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन तथा अनुगमन**


२.१ लैससास नीतिको कार्यान्वयन

- २.१.१ लैससास मूल प्रवाहिकरणका लागि संस्थागत संयन्त्र
- २.१.२ साझेदार एवं समन्वय

२.२ लैससासको अनुगमन र प्रतिवेदन

- २.२.१ लैससास कार्यान्वयन समिति
- २.२.२ सुपरीवेक्षण र अनुगमन समिति
- २.२.३ वडास्तरीय समिति

## संक्षिप्त शब्दावली

एयोतस : एकिृत योजना तर्जुमा समिति

गा.पा. गाउँपालिका

जि.स.स. जिल्ला समन्वय समिति

लैससास लैंगिक समानता तथा सामाजिक समावेशीकरण

घ्याङलेख गाउँपालिका

## अध्याय-१

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७

**१.१ परिचय :** नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक समानता र सामाजिक मावेशीकरणलाई आत्मसात गरिएको छ भने यसलाई मौलिक हक र राज्यका निर्देशक शिद्धान्तहरुमा पनि व्याख्या गरिएको छ । नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्यहरु र विभिन्न कानूनी दस्तावेजहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरुलाई सम्बोधन गर्दै राष्ट्रिय प्राथमिकतामा राखिएको छ । यसै कार्यलाई गाउँपालिकामा कार्यान्वयन गर्न महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा बञ्चीतिमा परेको वर्गलाई विकासको मूल प्रवाहमा ल्याई समावेशी विकास गर्न विभिन्न सरोकारवाला निकायहरुले विभिन्न प्रयास गर्दै आइरहेका छन् ।

विकेन्द्रित प्रकृया अनुरुप स्थानीय स्तरको योजना र कार्यक्रम तर्जुमाका सबै चरणमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण एवम् मूलप्रवाहीकरणका प्रकृयामा आवश्यक समन्वय कायम गराउनुका साथै सहकार्यका लागि प्रतिवद्धता व्यक्त भएका छन् । लैंगिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रका विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गर्दा महिला र बालबालिका तथा पिछडिएको समुदायको विकासको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ ।

नेपालको संविधानले समानताको हक अन्तर्गत सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, अपांगता

भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भनी यी वर्गको हितमा विशेष कार्यक्रम संचालन गर्न सकिने भनी व्याख्या गरेको छ ।

नेपाल एक बहुजातीय, बहुभाषिक, बहु धार्मिक एवम् बहुसाँस्कृतिक विशेषतायुक्त देश हो । प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक, सन्तुलित र न्यायसँगत प्रगति हुन सके मात्रै मुलुकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ ।

समाजमा विद्यमान लैंगिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिबी, आदि जस्ता विसंगतिहरुलार्य निरुत्साहित गर्न नेपाल सरकारद्वारा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा लैंगिक सामानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त विभिन्न प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिदै सरकार, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरी उल्लेख्य कार्यहरु भएका छन् ।

नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य समेतमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरुलाई प्राथमिकताका साथ सम्बोधन गरिएको छ । नेपालमा विगत दुई दशकदेखि क्रमिकरुपमा नीतिगत परिवर्तन र उल्लेख्य सुधारहरु भएका छन् । तथापि विभिन्न सामाजिक समूहका मानिसको विकास सूचकहरुमा र राजनीतिक तथा प्रशासनिक शक्तिको पहुँचमा व्यापक अन्तर रहेको पाइन्छ । महिला, दलित, जनजाति, मधेशी तथा मुस्लिम समुदाय आर्थिक अवस्था, स्वास्थ्य, शिक्षा, रोजगारीका सूचकहरु र राजनीतिक

घ्याङलेख गाउँपालिका

सहभागितामा पछाडि परेका छन् । जातजाति, जनजाति तथा भौगोलिक स्थानहरु सबैमा नेपालको मानव विकास सूचकांकको आधारबाट महिला तथा बालिकाहरुको आवस्था पुरुष तथा बालकहरुको तुलनामा न्यून रहेको छ । महिला, बालबालिका, पछाडि परेको वर्गहरुको विकासमा नेपाल सरकार, दातृ निकाय र समाजका विभिन्न निकायले उल्लेख्य कार्यहरु गरेता पनि यी वर्गहरुको जीवनमा सारभूत परिवर्तन आउन अझ धेरै बाँकी छ । यी विविध तथ्यहरुलाई मध्यनजर राखी महिला, बालबालिका, पछाडि परेको वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याई समावेशी विकास गर्न यस घ्याङलेख गाउँपालिकाले विगतदेखि प्रयास गर्दै आइरहेको छ ।

घ्याङलेख गाउँपालिकाको नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखाहरु र वडा कार्यालयहरुको लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति एकै किसिमको हुनुपर्ने आवश्यक्ता महसुस गरिएको छ । यस गाउँपालिका क्षेत्रभित्र कार्यक्रम संचालन गर्ने अन्य विकास साझेदार र सामुदायिक संस्थाहरुबाट संचालन हुने कार्यक्रमहरुले आ-आफ्नो ढंगबाट लैंगिक समानता र सामाजिक समावेशीकरणको नीति र रणनीति बनाई कार्यक्रमहरु कार्यान्वयन गर्दा कार्यक्रममा दोहोरोपना हुने, कार्यान्वयन गर्न अप्ठ्यारो हुने र कार्यक्रमको प्रभावकारीतामा कमी आउने देखिएकाले यी निकायहरुबाट संचालन हुने कार्यक्रम/आयोजनाहरुको लागि मार्गदर्शन हुनेगरी यस गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति बनाउने उद्देश्य राखी यो नीति तयार गरेको छ । यस नीतिका प्रमुख उपयोगकर्ताहरु गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विकास साझेदारहरु र समुदायस्तरका संस्थाहरु हुनेछन् ।

**१.२ दिर्घकालीन सोच :** सबै प्रकारका भेदभाव मुक्त समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

**१.३ लक्ष्य :** लैंगिक तथा सामाजिक समतामूलक विकासको माध्यमबाट लैंगिक तथा सामाजिक सम्बन्धमा सुधार ल्याई गरिबी न्यूनीकरण गर्ने ।

**१.४ उद्देश्य :**

- यस गाउँपालिका अन्तर्गतका कार्यपालिकाको कार्यालय, विषयगत शाखा, वडा कार्यालयहरु तथा विकास साझेदार र सामुदायिक संस्थाहरुलाई संस्थागत एवम् कार्यक्रमगत रुपमा लैंगिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्नु ।
- संस्थागत एवम् कार्यक्रमगत रुपमा समावेश गर्ने गरी लैंगिक तथा सामाजिक समावेशी उत्तरदायी अवधारणालाई सुनिश्चित एवं प्रभावकारी रुपमा लागु गर्ने ।
- महिला, बालबालिका, दलित, पिछडिएका वर्ग तथा वञ्चित समूहका मानिसहरुको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी, जबाफदेही हुन सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु ।
- सरोकारवालाहरुलाई वार्षिक/आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लैंगिक तथा सामाजिक समावेशीकरणको विषयमा संवेदनशील, उत्तरदायी, जवाफदेही हुन अभिप्रेरित गर्नु ।
- स्थानीय जनता विशेष गरी महिला, बालबालिका, तथा वञ्चितीकरणमा परेका समूहका मानिसहरुको क्षमता विकास गरी यी वर्गहरुको स्थानीय तहको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालई संस्थागत गर्नु ।
- यो नीति र रणनीतिको कार्यान्वयनले लैंगिक समानता र सामाजिक समावेशीकरणलाई गाउँपालिकाको कार्यक्रममा दिगो रुपमा मूलप्रवाहीहरण गर्नु ।

घ्याङलेख गाउँपालिका

**१.५ प्रमुख नीतिहरु :**

- पछाडि परेका वा पारिएका वर्ग, समुदाय र क्षेत्रका जनताको विकासका लागि कार्यक्रमहरुलाई कार्यान्वयन गरी समानुपातिक विकास गरिनेछ ।
- विकासलार्य सामाजिक समावेशीकरण र लैंगिकीकरण गरिदै लगिनेछ ।
- महिला, बालबालिका, दलित, आदिवासी जनजाति, उत्पीडित, विपन्न वर्ग अपाङ्ग तथा पिछडिएका क्षेत्रका जनताको समानुपातिक सहभागितातर्फ कार्य गरिनेछ ।
- महिला, बालबालिका, दलित आदिबासी जनजाति, विपन्न वर्ग तथा पिछडिएको वर्गहरुको सशक्तीकरण गर्दै लगिनेछ ।
- महिला, बालबालिका, आदिबासी जनजाति, मानव अधिकार लगायतका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय घोषणाका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ ।

**१.६ रणनीति :** लैंगिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण एकांकी एपमा हुन सक्तैन । यसका लागि विकेन्द्रित शासन प्रणाली, कुशल सेवा प्रवाह र संस्थागत संयन्त्रको आवश्यकता पर्दछ । विकेन्द्रीकरण, सहभागितात्मक विकास र सामाजिक वहसकै प्रक्रियाबाट लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई सम्बोधन गर्न सकिन्छ । यस रणनीतिमा गाउँ पालिकाका कार्यक्रमको समग्र संरचना र कार्यक्रमले सुधार गर्न चाहेको क्षेत्र भित्र पर्ने कार्यप्रणालीलाई अरु बढी लैंगिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन आवश्यक व्यवस्था गरेको छ ।

घ्याङलेख गाउँपालिका

**स्थानीय शासनका लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिहरु निम्न बमोजिम हुनेछन्:**

क. स्थानीय शासन प्रक्रियामा सबै सामाजिक समूहका नागरिकहरुको अधिकाधिक सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने ।

ख. स्थानीय तहमा विद्यमान लैंगिक तथा सामाजिक विभेद कम गर्न सामुदायिक सचेतना र सशक्तीकरणको निमित्त सामुदायिक संस्थाहरु ( महिला, बञ्चितिकरणमा परेका वर्गहरुको समूह, पारा लिगल, फेडरेसन, बाल क्लब र निगरानी समूह आदि) को परिचालन गरी लैंगिक तथा सामाजिक भेदभाव न्यूनीकरण गर्ने ।

ग. बञ्चितिकरणमा परेका वर्गहरुको क्षमता अभिवृद्धि गरी स्थानीय सरकारमा समावेशी विकास प्रकृयालाई संस्थागत गर्ने ।

घ. लैंगिक सामानता था सामाजिक समावेशीकरण (लैससास) का लागि संस्थागत तथा व्यक्तिगत दुबैथरी क्षमता विकासका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने ।

ङ. स्थानीय सरकारको सेवा प्रवाह संयन्त्र तथा प्रक्रिया लैंगिक तथा सामाजिक समावेशी मैत्री हुने गरी सुधार गर्ने ।

च. स्थानीय शासनसँग सम्बन्धित विभिन्न नीतिहरुको लैससासको दृष्टिकोणबाट पुनरावलोकन तथा विकासमा जोड दिने ।

छ. लैंगिक उत्तरदायि बजेट परिक्षण (Gender Responsive Budget Audit), लैंगिक समानता तथा सामाजिक समाबेशीकरण (Gender Equality and Social Inclusion) परिक्षणका कार्यक्रमहरु बार्षिक

रुपमा गाउँपालिकाले संचालन गर्ने र उक्त परिक्षणबाट प्राप्त थप सुधारात्मक कार्यहरु कार्य योजना सहित गर्दै जाने ।

ज. लैंगिक समता तथा सामाजिक समाबेशीकरण सँग सम्बन्धित उपलब्धिहरुलाई असल अभ्यासका रुपमा अगाडी बढाउन गाउँपालिकाको वेबसाईटको अधिकतम प्रयोग गर्ने ।

झ. गाउँपालिकाद्धारा तयार गरिने आवधिक योजनाहरु, बार्षिक योजनाहरु, क्षेत्रगत योजनाहरु र अन्य दिर्घकालिन एंव अल्पकालिन योजनाहरु लैससास मुल प्रवाहिकरण मैत्री हुने छन् ।

ञ. लैससास परिक्षण एवम् लैंगिक उत्तरदायि बजेट परिक्षणद्वारा प्राप्त क्रियाकलापहरु सहितको कार्य योजना कार्यान्वयन गरिने छ ।

**१.७ कार्यनीति :**

क. नेपालको संविधान (२०७२) र स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार समेत कार्यक्रमको लाभान्वित महिलाहरुको संख्या कम्तीमा ३३ प्रतिशत हुनुपर्ने व्यवस्था गरिनेछ ।

ख. लैंगिक व्यवस्थापन तथा सूचना लागु गर्न लैंगिक समानताका लागि तयार गरेका नीतिहरुमा समय सापेक्ष सुधार गर्ने व्यवस्था गरी प्रभावकारी मूल्यांकन गरिनेछ ।

ग. गाउँपालिका स्तरमा योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा पछाडी परेका महिला, दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका र पछाडि पारिएका समुदायको सहभागिता सुनिश्चित गर्ने र महिलाको सहभागिता ३३ प्रतिशत सुनिश्चित गर्ने ।

घ. गाउँपालिकामा सम्पर्क विन्दुमा रहेको सामाजिक विकास शाखा, विषयगत कार्यालय, अन्य साझेदार निकाय, संस्थाहरुसँग समन्वय गरी लैंगिक समानता र सामाजिक समावेशीकरणका कार्यहरु गरिनेछ ।

ङ. महिलाहरुको सशक्तिकरण गरि गाउँपालिका क्षेत्रमा उनिहरुको सहभागिता र क्रियाशिलता लाई बढाईनेछ ।

च. गाउँपालिका क्षेत्रमा महिला र वञ्चितिकरणमा परेका समुदायहरुलाई आधारभुत सेवा प्रदान गर्न विशेष संयन्त्र निर्माण गरिनेछ ।

छ. सामाजिक कार्यक्रम एवम् योजना तर्जुमा र कार्यान्वयन गर्दा महिला, दलित, आदिवासी र वञ्चितिमा परेका वर्गहरुको सहभागीता भएका संस्थाहरुलाई अनिवार्य रुपमा संलग्न गराउन प्रोत्साहन गरिनेछ ।

ज. सामाजिक परिचालनका माध्यमबाट महिला र बञ्चितिकरणमा परेका समूहहरुको क्षमता विकास गर्ने कार्य अगाडी बढाईने छ ।

## अध्याय-२

## लैंगिक समानता र सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन तथा अनुगमन

**२.१ लैससास नीतिको कार्यान्वयन :** लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन गर्न संस्थागत एवं सुदृढ एवं बहुपक्षिय साझेदारी र समन्वयको आवश्यकता रहने देखिन्छ ।

**२.१.१ लैससास मूल प्रवाहिकरणका लागि संस्थागत संयन्त्र :** गाउँपालिकाले लैससासको मूल प्रवाहिकरणका लागि सामाजिक विकास शाखा स्थापना गरी त्यस शाखामा कार्यरत कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी लैससासका सवालहरुलाई सम्बोधन गर्न सहज बनाउनेछ । त्यस शाखा अर्न्तगत कार्यक्रम एंव आवश्यक स्रोत व्यवस्थापन गर्ने छ ।

यस शाखा अर्न्तगत लैससास का सवालहरुलाई समन्वयात्मक एवं प्राथमिकतामा राखि कार्यान्वयन गर्न तपशिल का गतिविधिमा अझै जोड दिनेछ ।

क. गाउँपालिकामा रहेको सामाजिक विकाश शाखाको सुदृढिकरण गर्ने ।

ख. लैससास कार्यान्वयन समिति गठन गर्ने ।

ग. वडा र समुदायस्तरमा लैससास मूल प्रवाहिकरणका कार्यक्रमहरुको कार्यान्वयन गर्ने ।

२.१.२ **साझेदारी एवं समन्वय :** लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी तथा गैर सरकारी दातृ साझेदारहरु, सामुदायिक संस्थाहरु र नागरिकहरुबीच साझेदारी आवश्यक हुन्छ । यस कार्यका लागि विभिन्न निकायहरुसँग आवश्यक सहकार्य गरिनेछ ।

२.२ **लैससासको अनुगमन प्रतिवेदन :** लैससासको अनुगमन र प्रतिवेदनका लागि तपसिलका विषय एवं सूचना समेटीएको प्रतिवेदन तयार गरिनेछ ।

१। गरिबी, लिंग, जातजाती का आधारमा खण्डीकृत तथ्यांक एवं सूचनाहरु

२। लैससास अनुगमन र प्रतिवेदनका निम्न विषयहरु समेटीएको हुनेछ ।

क) सम्पति तथा सेवा सुविधामा भएको परिवर्तन

ख) प्रभाव पार्ने आवाज एंव क्षमतामा आएको परिवर्तन

ग) औपचारिक एंव अनौपचारिक नीतिहरु तथा व्यवहारमा आएको परितवर्तन ।

यसले गर्दा महिला एंव बञ्चितमा परेका समूहहरुको सेवा सुविधा को पहुँचमा बृद्धि, जातिय विभेदमा कमी, विभेदकारी प्रचलनमा कमी,

उपलब्ध गराईने सहयोग प्रति अन्य वर्गको सहमती जस्ता प्रयासहरुको थालनी हुनेछ ।

२.२.१ **लैससास कार्यान्वयन समिति** : गाउँपालिकामा लैससास समितिले एकिकृत योजना तर्जुमा समितिका प्रतिवेदन को विश्लेषण गर्नेछ र सो बाट प्राप्त सूचनालाई विकास कार्यमा समायोजन गर्नेछ । महिला, बालबालिका तथा बञ्चितिमा परेका समूहका लागि हुने बजेट खर्च, कार्यक्रम तथा आयोजनाहरुको प्रगतिका लागि समग्र उपलब्धि लाई आधार मानिछ ।

२.२.२ **सुपरीवेक्षण तथा अनुगमन समिति (गाउँपालिका तहमा)** : सुपरीवेक्षण समितिले योजनाहरुको सुपरीवेक्षण र अनुमगन गर्ने एंव संयुक्त अनुगमन मा सहयोग गर्ने, विवाद समाधानमा सहयोग गर्ने र सो को प्रतिवेदन तयार पार्न समेत सहयोग गर्ने ।

२.२.३ **सामुदायिक संस्थाहरुको भूमिका (बस्ती तथा वडा स्तरमा)** : समुदाय स्तरको खण्डीकृत सूचना राख्ने, सूचनाका आधारमा प्रतिवेदन तयार गर्ने र परिवर्तनको लेखाजोखा गर्ने । कार्यक्रमा भएको अवरोधहरुको अनुगमन गर्ने र पहुँचमा बृद्धि गर्न सहयोग गर्ने ।

**प्रमाणीकरण मिति :- २०७७१२१०५**

**आज्ञाले,**

**राम कुमार कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**